# प्राङ्गारिक मल अनुदान (जिल्लास्तर) कार्यविधि, २०७२

(नेपाल सरकार मा.मन्त्रीस्तरवाट मिति २०७२।०२।०५ मा स्वीकृत)

## प्रस्तावनाः

प्राङगारिक कृषिलाई प्रवर्धन गर्ने उद्देश्य अनुरुप आ.व.२०६८/६९ देखि स्वदेशमा उत्पादित प्राङ्गारिक मलमा कृषि सामग्री कम्पनी लिमिटेड मार्फत कृषि विकास मन्त्रालयवाट अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालित छ । कृषि सामग्री कम्पनी लिमिटेडवाट प्राङ्गारिक मल अनुदानमा विक्री वितरणको अवस्था दृष्टिगत गर्दा अपेक्षाकृत रुपमा कृषकस्तरमा विक्रिवितरण हुन नसकेको तथा विभिन्न प्रकारका प्राङ्गारिक मलहरुको लागत मूल्य फरक हुने हुँदा प्राङ्गारिक मल उत्पादकहरुले अनुदानको कार्यक्रममा समान रुपमा सहभागी हुन नपाएको समेत देखिएको छ । अतः स्थानीयस्तरमा जिल्ला कृषि विकास कार्यालयहरु मार्फत प्राङ्गारिक मल अनुदान कार्यक्रम सञ्चालन गर्न सकिएको खण्डमा कृषकहरुको माग वमोजिम गुणस्तरीय प्राङ्गारिक मलको विक्री वितरण हुने, यथार्थ विक्रिको आधारमा अनुदान प्रवाह भई सरकारी अनुदानको अधिकतम् सदुपयोग हुने एवम् स्थानीयस्तरमा सञ्चालित प्राङ्गारिक मल उद्योगहरु समेत फस्टाउन सक्ने महशुस गरी कृषि विकास मन्त्रालयले यो कार्यविधि वनाई लागू गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्राङ्गारिक मल अनुदान (जिल्लास्तर) कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "निर्देशिका" भन्नाले "प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८ (संशोधन सहित)" भन्ने संझनु पर्दछ ।

(ख) "मल वा प्राङ्गारिक मल" भन्नाले नेपालमा उत्पादन भई प्राङगारिक तथा जैविक मल नियमन कार्यविधि २०६८ (संशोधन सहित) अनुरुप दर्ता भएको प्राङ्गारिक मल संझनु पर्दछ ।

(ग) "समिति" भन्नाले मल आपुर्ति तथा वितरण ब्यवस्थापन समिति संझनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले कृषि विकास मन्त्रालय संझनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले जिल्ला कृषि विकास कार्यालय संझनु पर्दछ ।

(च) "उद्योग वा उत्पादक" भन्नाले प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि,२०६८ (संशोधन सहित) अनुरुप दर्ता भएको प्राङ्गारिक मल उद्योग भन्ने संझनु पर्दछ ।

(छ) ) "विक्रेता" भन्नाले मल उद्योग/उत्पादक वा मल आपूर्तिकर्ताले खडा गरेको डिलर वा विक्रेता भन्ने संझनु पर्दछ ।

# परिच्छेद-२

## अनुदान वितरण ब्यवस्थापन सम्बन्धि

३. **मल आपूर्ति तथा वितरण ब्यवस्थापन समितिः** (१) जिल्लास्तरमा मलको नियमित आपूर्ति, वितरण तथा अनुगमन गर्न देहाय बमोजिमको मल आपूर्ति तथा वितरण ब्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| (ख) | स्थानीय विकास अधिकारी | सदस्य |
| (ग) | प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| (घ) | अगुवा कृषक/कृषक समुहको प्रतिनिधि (एकजना महिला सहित २ जना) | सदस्य |
| (ङ) | प्रमुख, कृषि सामग्री कम्पनी लिमिटेड | सदस्य |
| (च) | मल निरिक्षक, जिल्ला कृषि विकास कार्यालय | सदस्य-सचिव |

(२) खण्ड (च) बमोजिम मल निरिक्षक नतोकिएको जिल्लामा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको प्रमुखले तोकेको अधिकृतले समितिको सदस्य-सचिवको कार्य सम्पादन गर्नु पर्नेछ

(३) उपदफा (१) बमोजिमको समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

(४) समितिको वैठकमा समितिले सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिले स्थानीय स्तरमा मल वितरणको मापदण्ड एवम् विक्रिवितरण प्रकृया प्रचलित नीयम/कानूनको परिधी भीत्र रही निर्धारण गर्न सक्नेछ ।

(६) समितिले वैठकको कार्यविधि आफैं निर्धारण गर्नेछ ।

४. **समितिको काम**, **कर्तब्य तथा अधिकारः** (१) समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछः

(क) जिल्लामा किसानलाई अनुदानमा उपलब्ध गराईने मलको परिमाणको आधारमा क्षेत्र निर्धारण गर्ने । जिल्लाभर मल वितरण गर्न नसकिने वा आवश्यक नपर्ने भई केहि क्षेत्रमा मात्र प्राङ्गारिक मलको विक्रिवितरण गर्दा प्राङ्गारिक कृषि उत्पादन क्षेत्र, ब्यवसायिक कृषि उत्पादन क्षेत्र र गाईवस्तु वा पशु पालन कम भएको क्षेत्र वा माटोको उर्वराशक्ति कम भएको र विविध कारणले विग्रिएको माटो **(degraded soil)** भएको क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

(ख) मापदण्ड बमोजिमको मल वितरण भए/नभएको यकिन गरी न्यून गुणस्तरको मल उत्पादन र वितरण गर्ने फर्म/ब्यवसायलाई कानून अनुसार कारवाहिका लागि सम्बन्धित निकायलाई निर्देशन दिने ।

(ग) मलको सुलभ आपुर्ति तथा वितरण ब्यवस्थाको लागि जिल्ला कृषि विकास कार्यालयलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

(घ) अनुदान वितरण सम्बन्धि आवश्यक काम गर्ने/गराउने ।

(ङ) अनुदानित प्राङ्गरिक मलको विक्रिवितरणमा अपचलन भएको अवस्थामा आवश्यक कानूनी कार्यवाहिका लागि स्थानीय प्रशासन तथा अन्य सम्बद्ध निकायमा जानकारी गराउने ।

## परिच्छेद-३

### अनुदान कार्यक्रम

५. **अनुदान उपलब्ध गराईने आधारः** (१) यस कार्यविधि वमोजिम प्रदान गरिने अनुदानको प्रयोजनको लागि प्राङ्गारिक मलमा देहाय वमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछः

(क) नेपालमा उत्पादन भई प्राङगारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८(संशोधन सहित)बमोजिम दर्ता भएको ।

(ख) मलको वोरा वा प्याकेजमा ब्यापारिक नाम **(Trade Name)** उल्लेख भएको ।

(ग) मलको उत्पादन र खपत गरिसक्नु पर्ने मिति, ब्याच नम्वर र तौल प्रष्टरुपमा देखिने गरी सुरक्षित रुपमा प्याकिङ्ग गरेको ।

(घ) मलमा पाईने पोषकतत्वको मात्रा प्रत्येक प्याकिङ्गमा उल्लेख गरेको ।

(ङ) समितिले तोके बमोजिमको अन्य आधार पुरा गरेको ।

६. **मल विक्रि वितरण विधिः** (१) यस कार्यविधि बमोजिमको अनुदान जिल्ला कृषि विकास कार्यालयको सिफारिसमा कृषकहरुलाई उपलब्ध गराईने प्राङ्गारिक मलमा प्रदान गरिने छ ।

(२) प्राङ्गारिक मल अनुदानका लागि जिल्लामा प्राप्त हुने वजेटका आधारमा कार्यालयले अनुदानमा विक्रि गर्ने मलको परिमाण निर्धारण गरी सूचना प्रवाह गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको आधारमा कृषि विकास मन्त्रालयबाट मल उत्पादन गर्ने अनुमति प्राप्त गरेका प्राङ्गारिक मल उत्पादक, विक्रेता वा डिलरहरुले आफूले उपलब्ध गराउने मलको मात्रा, गुणस्तर र मूल्य समेत खुलाई दफा (५) मा उल्लेखित आधारहरु पुष्टि हुने कागजात सहित माटो व्यवस्थापन निर्देशनालयमा निवेदन दिनुपर्नेछ । निवेदकले कुन कुन जिल्लामा मल बिक्री गर्ने केन्द्र वा डिलर छन् सो को नाम र रजिष्टर्ड नम्बर समेत उल्लेख गरी निवेदन दिन सक्नेछन् । निवेदकहरुले जिल्लाभित्र आफ्नो १ भन्दा बढी बिक्री केन्द्र वा डिलर भए तिनको समेत विवरण निवेदनमा खुलाउनु पर्नेछ ।

(४) उद्योग रहेको जिल्ला भन्दा वाहिरका जिल्लाहरुमा उद्योगिहरुले उद्योग रहेको जिल्लाको जिल्ला कृषि विकास कार्यालयवाट विवरणहरु प्रमाणित गरी लैजान सक्ने छन् ।

(५) उपदफा (३) वमोजिम पर्न आएका निवेदन उपर जाँचवुझ गरी दफा (५) वमोजिमको आधार पुरा गरेको पाईएमा माटो व्यवस्थापन निर्देशनालयले मल आपूर्तिकर्ताको रुपमा सूचीकृत गरी अनुदानित प्राङ्गारिक मलको आपूर्ति तथा विक्रि वितरणमा सहभागी हुन पाउने उत्पादक, विक्रेता वा डिलरहरुको सूची तयार गरी विभिन्न उत्पादक, विक्रेता वा डिलरहरुले विक्रि गर्ने मलको नाम, उक्त मलहरुको खुद्रा मूल्य, अनुदान रकम र अनुदानित मूल्य समेत सार्वजनिक गर्नेछ ।

(६) उपदफा (४) बमोजिम प्रमाणित भएका उत्पादक, विक्रेता वा डिलरहरुले अनुसूची-१ अनुसार प्राङ्गारिक मलको खरिद विक्रि तथा स्टक रजिष्टर र अनुसूची-२ अनुसारको प्राङ्गारिक मलको विक्रिको लगत रजिष्टर अनिवार्य रुपले राख्नुपर्नेछ र आपूर्ति गर्न अनुमति प्राप्त जिल्लाको जिल्ला कृषि विकास कार्यालयले तोकेको परिमाणमा बिक्री वितरण गर्नुपर्नेछ ।बिक्री वितरण गरिने मलको लगत विवरण जिल्ला कृषि विकास कार्यालयका मल निरिक्षक वा कार्यालयले तोकेको अधिकारीले अनुगमनको क्रममा उक्त रजिष्टरको आधारमा स्टक मिले नमिलेको तथा सेवाग्राहीहरुले उल्लेख भए अनुसारको परिमाणको मल पाए नपाएको अनुगमन गर्नेछ ।

(७) उपदफा (४) बमोजिम सूचीकृत उद्योग वा उत्पादक वा विक्रेताहरुवाट विक्रि हुने मलमा मात्र अनुदान उपलब्ध गराईनेछ ।

(८) उद्योग रहेको जिल्ला भन्दा वाहिरका जिल्लाहरुमा प्राङ्गरिक मल अनुदानमा विक्रिवितरण गर्दा स्थानीय ढुवानी दररेट लाई आधार मानी ढुवानी सहितको मूल्य कायम गरी अनुदानित मूल्य कायम गर्न सकिने छ । स्थानीय दररेट भन्दा ढुवानी वढी देखाईएको अवस्थामा कृषि विकास कार्यालयले अनुदान कार्यक्रममा सहभागी गराउन वाध्य हुने छैन ।

(९) प्राङ्गारिक मलको अनुदान दर खुद्रा मूल्यको पचास प्रतिशत वा प्रति के.जि. १० रुपैया मध्ये जुन कम हुन्छ सो भन्दा वढी हुने छैन र प्रति कठ्ठा ५० के.जि. वा प्रति रोपनी ७५ के.जि.का दरले एक जना कृषकलाई १५०० के.जि. भन्दा वढी अनुदानित मल उपलब्ध गराईने छैन । तर, अन्य निकायको सहयोगमा अनुदान उपलब्ध हुन सकेमा वढी क्षेत्रफल र परिमाणमा मल उपलब्ध गराउन वाधा पर्ने छैन । साथै, कृषकले आफ्नो खर्चमा यस भन्दा वढी मल खरिद गर्न समेत यसले बाधा गर्ने छैन ।

(१०) प्राङ्गारिक मलको खरिदमा दिईने अनुदान दर तथा अनुदान विधिका सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालयले पुनरावलोकन गर्न सक्नेछ ।

**७. अनुदान प्रवाह विधिः (१)** जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्र/उपकेन्द्रहरुले जिल्ला मल आपूर्ति तथा वितरण ब्यवस्थापन समितिले निर्णय गरे अनुसार कृषकहरुलाई जग्गाधनी पूर्जाको आधारमा प्रति कठ्ठा ५० के.जि. वा प्रति रोपनी ७५ के.जि.का दरले अनुसूची-३ अनुसारको शिफारिस उपलब्ध गराउने र अनुसूची -४ अनुसारको विवरण समेत राखेछ । जग्गा धनी पूर्जा नभएका र अरुको जग्गा भाडामा लिई खेती गर्ने कृषकलाई जग्गा धनी तथा खेती गर्ने कृषकको संझौता पत्र / स्थानीय निकायको शिफारिस मध्ये कुनै एकको आधारमा जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्रहरुले शिफारिस उपलब्ध गराउन सक्नेछ ।

(२) स्थानीय विक्रेताले जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्र/उपकेन्द्रको शिफारिसमा कृषकलाई मल विक्रि गर्दा वील काटि विक्रि मूल्यमा अनुदान वापतको रकम छुट दिई भुक्तानी लिनु पर्नेछ र विल अनुसारको परिमाण, कूल मूल्य तथा अनुदान रकम खुल्ने गरी अनुसूची १ अनुसारको रेकर्ड राखु पर्नेछ ।

(३) स्थानीय मल विक्रेताले जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्र/ उपकेन्द्रको शिफारिस अनुसूची -३ र मल खरिद गर्ने कृषकको अनुसूची -२ अनुसारको विवरण सहित अनुदान रकम भुक्तानीका लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा पेश गर्नेछ र जिल्ला कृषि विकास कार्यालयले संलग्न प्रमाणहरुको आधारमा अनुदान रकम उपलब्ध गराउनेछ ।

## परिच्छेद-४
## गुणस्तर नियन्त्रण सम्बन्धि

**८. गुणस्तर नियन्त्रण सम्बन्धि ब्यवस्थाः** (१) जिल्लामा विक्रिवितरण हुने प्राङ्गारिक मलको गुणस्तर तथा परिमाण जिल्ला कृषि विकास कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(२) अनुदानमा विक्रिवितरण हुने प्राङ्गारिक मलको गुणस्तरको अनुगमन कृषि विभाग, माटो ब्यवस्थापन निर्देशनालय, क्षेत्रिय माटो परिक्षण प्रयोगशालावाट हुनेछ ।

(३) न्यून गुणस्तरको प्राङ्गारिक मल विक्रिवितरण गरेको पाईएमा वा समितिको निर्णयको वर्खिलाप गरेको पाईएमा अनुदान प्रवाह गरिने छैन र त्यसो गर्ने उत्पादक/ वितरक लाई अनुदान कार्यक्रममा समेत समावेश गरिने छैन ।

(४) विक्रि नभएको मल विक्रि भएको तथा यकिन परिमाण पेश नगरी परिमाण तल/माथी गरी वा ढाँटी अनुदानका लागि पेश गरेको पाईएमा त्यस्तो मलको दर्ता समेत खारेज गर्न कृषि विकास कार्यालयले शिफारिस गर्न सक्नेछ ।

# परिच्छेद-५

## अनुगमन निरिक्षण सम्बन्धि

९. **निरिक्षण तथा अनुगमन सम्बन्धि ब्यवस्थाः** (१) अनुदानमा वितरित मलको अनुगमन निरिक्षण गर्ने मूख्य जिम्मेवारी जिल्ला कृषि विकास कार्यालयको हुनेछ । जिल्ला कृषि विकास कार्यालय तथा मातहतका सेवा केन्द्र/उपकेन्द्रहरुले आफूले शिफारिस गरेको अनुदानित मल उपलब्ध गराउने अनुसूची-४ अनुसारको विवरण तथा मल उत्पादक वा विक्रेताहरुले अनुसूची-१ अनुसारको विवरण हरेक महिनाको अन्तिममा अनिवार्य रुपले मल निरिक्षक वा सो कार्यक्रम हेर्ने शाखामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन निरिक्षणको प्रतिवेदन चौमासिक रुपमा जिल्ला कृषि विकास कार्यालयले सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालय मार्फत कृषि विभागमा पठाउनु पर्नेछ

(३) प्राङ्गारिक मलको विक्रिवितरण सम्बन्धि अनुगमन निरिक्षण तथा मूल्याङ्कन कृषि विकास मन्त्रालय, कृषि विभाग, माटो ब्यवस्थापन निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय तथा क्षेत्रीय माटो परिक्षण प्रयोगशालावाट हुन सक्नेछ ।

(४) प्राङ्गारिक मलको विक्रिवितरण पारदर्शी रुपमा भए/नभएको सम्बन्धमा सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाहरुवाट निरिक्षण अनुगमन गरी समितिलाई जानकारी गराउन सक्नेछ ।

# परिच्छेद-६

## दुर्गम क्षेत्रका लागि अनुदान ब्यवस्था

१०. **दुर्गम क्षेत्रका लागि अनुदान सम्बन्धि ब्यवस्थाः** (१) मल उद्योगहरु नरहेको तथा दुर्गम जिल्लाहरुका हकमा प्राङ्गारिक मल विक्री वितरणका लागि जिल्ला कृषि विकास कार्यालयको स्वीकृतीमा उद्योगीले आफ्नो पसल वा डिलर खडा गर्न सक्नेछन् ।

(२) ढुवानी अनुदान कार्यक्रम रहेको तथा कुनै दुर्गम जिल्लामा मल उद्योग वा उद्योगको विक्री केन्द्र वा डिलर समेत नभएको खण्डमा प्राङ्गारिक मल आपूर्तिका लागि जिल्ला कृषि विकास कार्यालयले वितरणको सुनिश्चितता गराउन सक्नेछ ।

# परिच्छेद-७

## विविध

११. **गुनासो तथा उजुरी सुन्न सक्नेः** (१) मल विक्री वितरणको सम्बन्धमा पर्न आएको उजुरी समितिले सुन्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी उपर समितिले आवश्यक छानविन गरी दोषी उपर कानून बमोजिम कारवाही गर्न स्थानीय प्रशासन समक्ष लेखि पठाउनु पर्नेछ ।

१२. मल विक्रि वितरण गर्ने क्रममा हुन सक्ने धाक, धम्की तथा हुलहुज्जत लगायतका अवाञ्छित कृयाकलापलाई ध्यानमा राखी आवश्यक सुरक्षा ब्यवस्थाका लागि समितिले स्थानीय प्रशासनलाई सुरक्षा ब्यवस्था मिलाउन अनुरोध गर्न सक्नेछ ।

१३. **वैठक भत्ता सम्बन्धि ब्यवस्थाः (१)** समितिको वैठक भत्ता नियमानुसार हुनेछ ।

(२) समितिको वैठक भत्ताको ब्यवस्थापन जिल्ला कृषि विकास कार्यालयले गर्नेछ ।

१४. **खारेजी तथा संशोधनः** कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

१५. **कार्यविधिको ब्याख्याः** (१) अनुदान वितरण सम्बन्धि यस कार्यविधिको ब्यवस्था अपूर्ण तथा अस्पष्ट भएमा वा कार्यविधिको कार्यान्वयनमा ब्यवधान भएमा कृषि विकास मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

*अनुसूचि- १*

# प्राङ्गरिक मलको खरिद विक्रि तथा स्टक रजिष्टर

उत्पादक, आपूर्तिकर्ता वा विक्रेताको नामः

ठेगानाः

| मिति | उत्पादन/खरिद (के.जि.) | विक्रि (के.जि.) | वाँकी स्टक मौज्दात (के.जि.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

*अनुसुचि-२*

# प्राङ्गारिक मलको विक्रिको लगत रजिष्टर

उत्पादक/आपूर्तिकर्ता वा विक्रेताको नाम/थर

ठेगानाः

| सि.नं. | कृषकको नाम/थर | ठेगाना | जिल्ला कृषि विकास कार्यालयको शिफारिस मिति तथा नं. | शिफारिस मलको परिमाण (के.जि.) | खरिद गरेको मलको नाम | खरिद परिमाण (के.जि.) | मूल्य प्रति के.जि. (रु.) | जम्मा खरिद मूल्य (रु.) | अनुदान दर (रु./के.जी) | जम्मा अनुदान रकम (रु.) | विल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नोटः अनुदान रकम खुद्रा बिक्री मूल्यको ५० प्रतिशत वा रु.१० प्रति के.जि. नवढ्ने गरी हुनुपर्नेछ ।

*अनुसूची- ३*

**जिल्ला कृषि विकास कार्यालय**

**...................................**

कृषि सेवा केन्द्र/उपकेन्द्रः

मितिः

**विषयः प्राङ्गारिक मलमा अनुदानको लागि शिफारिस सम्बन्धमा ।**

प्रस्तुत विषयमा..........जिल्ला.............गा.वि.स. वडा नं. ...........निवासी कृषक श्री..................................लाई जिल्ला कृषि विकास कार्यालयको प्राङ्गारिक मल अनुदान कार्यक्रम अन्तर्गत प्रति के.जि. रु. १० वा परल मूल्यको ५० प्रतिशतमा जुन कम हुन्छ सो वरावरको अनुदान रकम उपलब्ध हुने गरी...............के.जि. मल अनुदानित मूल्यमा उपलब्ध गराईदिन हुन अनुरोध छ ।

शिफारिस गर्नेः

नाम/थर

पदः

**तपसिल**

| विवरण | परिमाण | कैफियत |
|---|---|---|
| कृषकको नाम/थर | | |
| ठेगाना | | |
| जग्गाधनी पूर्जा कित्ता नं. | | |
| जग्गा रहेको स्थान | | |
| शिफारिस मलको परिमाण/के.जि. | | |
| अधिकतम अनुदान रकम रु.प्रति के.जि. | १०.०० | |

# प्राङ्गारिक मलमा अनुदानका लागि शिफारिस रजिष्टर

जिल्ला कृषि विकास कार्यालयः

कृषि सेवा केन्द्र/ उपकेन्द्रः

| सि.नं. | कृषकको नाम/थर | ठेगाना | जग्गाधनी पूर्जा र कि.नं. | क्षेत्रफल | जग्गा रहेको स्थान | शिफारिस परिमाण/ के.जि. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति कठ्ठा ५० के.जि. वा प्रति रोपनी ७५ के.जि.का दरले जम्मा परिमाण १५०० के.जि. भन्दा वढी हुने छैन ।

*अनुसुचि-५*

(मल उत्पादक,विक्रेता वा डिलरले अनुदानित मल विक्रिको लागि सुचिकृत हुन पाउँ भन्ने निवेदन फारमको नमूना )

श्रीमान बरिष्ठ कृषि विकास अधिकृतज्यू,

जिल्ला कृषि विकास कार्यालय

......................................

**विषयः अनुदान कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल विक्रि गर्न पाउँ भन्ने वारे ।**

प्रस्तुत विषयमा त्यस कार्यालयको मिति ............................मा प्रकाशित सूचना अनुसार मेरो/हाम्रो कम्पनीवाट उत्पादित/विक्रिवितरण हुने तपसिल अनुसारको मल/मलहरु अनुदानको कार्यक्रम अन्तर्गत विक्रिवितरणमा सहभागी हुन पाउँ भनी आवश्यक कागजपत्रहरु यसैसाथ सम्लग्न राखी यो निवेदन पेश गरेको छु/छौं ।

**तपसिल**

| सि.नं. | मलको नाम | दर्ता नं. र मिति | उपलब्ध हुने कूल परिमाण | विक्रि मूल्य रु/के.जि. | खाद्य तत्वको मात्रा प्रतिशत (न्यूनतम) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ना. | फो. | पो. | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |